# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।
फोन नं: ०१-४२००५११

प सं: २०७४/०७५
च नं: २१३

मिति: २०७५ । २ । १३

विषय: स्थानीय तहको लागि आवश्यक जग्गा प्राप्ति गर्ने प्रकृया सम्वन्धमा ।

श्री गाउँपालिका / नगरपालिका (सबै),

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा गाउँपालिका वा नगरपालिकाले कुनै परियोजना सञ्चालन गर्न सरकारी वा कुनै निजी जग्गा प्राप्ति गर्नु पर्ने हुनसक्छ । यसरी जग्गा प्राप्ति गर्नु पर्ने अवस्थामा अर्को व्यवस्था नभएसम्मको लागि हाललाई जग्गा प्राप्ति ऐन, २०३४ ले तोकेको प्रकृया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ ले तोकेको प्रकृया पूरा गरी स्थानीय तहको लागि जग्गा प्राप्त गर्न सकिने कानूनी व्यवस्था रहेको छ । गाउँपालिका वा नगरपालिकाको कुनै परियोजना कार्यान्वयनको लागि आवश्यक जग्गा प्राप्ति गर्दा स्थानीय तह, साविकको स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको जग्गा वा अन्य कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयालाई प्राथमिकतामा राखु बढी उपयुक्त र मितव्ययी समेत हुने देखिन्छ ।

यस अवस्थामा विभिन्न गाउँपालिका तथा नगरपालिकाहरुबाट जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्तिको लागि प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकिदिन मन्त्रालयमा अनुरोध भई आउने गरेको सम्बन्धमा निर्णयको लागि पेश हुँदा उपर्युक्तानुसारका ऐन वा कार्यनीति बमोजिम जग्गा प्राप्ति प्रकृया अगाडि बढाउन प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकिदिन मन्त्रालयमा अनुरोध गरी पठाउँदा तपसिल बमोजिमका कागजात सहित पठाउन सबै गाउँपालिका तथा नगरपालिकालाई जानकारी गराउने भनी मिति २०७५।२।१३ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

१. परियोजनाको लागि आवश्यक जग्गा निशुल्क रुपमा प्राप्तिको प्रयास भएको र सो बमोजिम आवश्यक जग्गा उपलब्ध हुन नसकेको व्यहोरा खुल्ने कागजात,

# नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११


प सं:

च नं:

२. स्थानीय तह, साविकको स्थानीय निकाय वा सरकारी निकायका कुनै कार्यालयको नाममा रहेको जग्गा प्राप्ति गर्नु पर्ने अवस्थामा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ ले तोकेको प्रकृया वमोजिमका कागजात।

३. जग्गा प्राप्तिको लागि आवश्यक पर्ने रकम व्यहोर्ने स्रोतको शीर्षक र सभाबाट स्वीकृत वजेटमा आवश्यक रकम विनियोजन भएको देखिने कागजात ।

४. जग्गा प्राप्ति गर्ने प्रकृया अगाडि वढाउने भनी कार्यपालिकाबाट भएको निर्णयको प्रतिलिपि ।

५. गाउँपालिका वा नगरपालिका र तिनको वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने सम्वन्धी अनुरोध गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिका र वडाको केन्द्र तोक्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम निर्णय भइसकेको वा हाल कायम रहेको केन्द्रको विषयमा कुनै विवाद नरहेको भनी सम्वन्धित गाउँपालिका वा नगरपालिकाको कार्यपालिकाको वैठकवाट भएको निर्णयको प्रतिलिपि र अन्य सरकारी निकायको नाममा रहेको जग्गा उपलब्ध हुन नसकेको भनी सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिबाट भएको सिफारिस पत्र ।

..................

(केशवराज पार्धे)

शाखा अधिकृत

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन ।